# वीरगन्ज राजपत्र

## स्थानीय सरकार

**वीरगन्ज महानगरपालिका द्वारा प्रकाशित**

**खण्ड (२) वीरगन्ज मार्ग महिना २५ गते २०७५ साल संख्या १०**

**भाग– २**

वीरगन्ज महानगरपालिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को (२) बमोजिम वीरगन्ज महानगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत २०७५ सालको नियमावली नं – १०

नियमावलीको नाम – वीरगन्ज महानगरपालिकाको **विधायन समिति नियमावली २०७५**

**प्रस्तावना**

वीरगन्ज महानगरपालिकाको नगरसभा प्रस्तुत गरिने विधेयकहरु व्यवस्थित र मर्यादित रुपमा पेश गर्न र पारित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन – २०७४ को दफा २२ को अधिकार प्रयोग गरी यो नियमावली बनाईएको छ ।

## १. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) "नियमावली" भन्नाले वीरगन्ज महानगरपालिकाको विधायन समितको नियमावली २०७५ लाई सम्झनु पर्दछ ।

(ख) "सदस्य" भन्नाले वीरगन्ज महानगरपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य र सबै वडा सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले विधायन समितिको बैठकको अध्यक्षता गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका वा महानगरपालिका" भन्नाले वीरगन्ज महानगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगरसभा" भन्नाले वीरगन्ज महानगरपालिकाको नगरसभालाई सम्झनुपर्दछ । यसले विशेष नगरसभा समेतलाई जनाउने छ ।

(च) "विधेयक" भन्नाले वीरगन्ज महानगरपालिकाको नगरसभामा पेश गर्न तयार भएको ऐन, कानुनको मस्यौदालाई सम्झनु पर्दछ ।

(छ) "विधायन समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन – २०७४ को दफा २२ बमोजिम गठित वीरगन्ज महानगरपालिकाको समितिलाई सम्झनु पर्दछ ।

## २. समितिको गठन

नगरसभाको कार्य प्रणालीलाई व्यवस्थित गर्नका लागि नगर कार्यपालिकाले ५ सदस्यीय विधायन समिति गठन गर्ने छ । विधायन समितिमा १ जना संयोजक र ४ जना सदस्य रहने छन् । विधायन समितिको संयोजक महानगरपालिकाको उपप्रमुख रहने छन् । समितिको सचिवको कार्य वीरगन्ज महानगरपालिकाको कानुनी मामिला शाखाको प्रमुखले गर्ने छ । कार्यपालिकाले चाहेको बखत विधायन समितिका सदस्यहरु हेरफेर गर्न सक्ने छ । नगर प्रमुखले तोकेको वीरगन्ज महानगरपालिकाको एक जना कानुनी सल्लाहकारले समितिको कार्यमा सहजीकरण गर्ने छन् ।

**३.समितिको काम, कर्तव्य र अधिकार**

क. यस वीरगन्ज महानगरपालिकाको नगर सभा समक्ष पेश हुनका लागि विभिन्न समिति, उपसमितिमा छलफल भई यस विधायन समितिमा पेश हुन आएका मस्यौदाहरुलाई दफावार रुपमा छलफल गरी महानगरपालिकाको कार्यपालिका समक्ष पेश गर्न अन्तिम रुप दिने ।

ख. यस विधायन समितिलाई आवश्यक भएमा राय, परामर्श दिन सम्बन्धित विषय विज्ञसंग परामर्श गर्ने ।

ग. मस्यौदा तयारीका लागि आवश्यकता अनुसार उप समिति गठन गर्ने ।

घ. उपसमितिले विधेयकको विषयवस्तु उपर दफावार छलफल गरेपछि मस्यौदा तयार गर्ने क्रममा पनि छलफलमा सहजीकरणको गर्ने कानुनी सल्लाहाकारको सहयोग लिन सक्ने छ । (त्यसरी ऐन नियम कार्यविधि नियमावली निर्देशिका तथा अन्य नीति नियमहरुको मस्यौदाका लागि विशेषज्ञको रुपमा सहजीकरण भूमिका बहन गर्ने नगर प्रमुखले तोकेको कानूनी सल्लाहकारलाई नगरकार्यपालिकाको बैठकले निर्णय गरी उचित पारिश्रमिक दिइने छ ।)

**४. समितिको बैठक**

क. समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको समयमा आवश्यकता अनुसार बैठक बस्ने छ ।

ख. समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

ग. समितिको बैठक अध्यक्षको निर्देशनमा सचिवले बोलाउने छ ।

**५. समितिको कार्यकाल**

यस समितिको कार्यकाल वर्तमान नगरसभाको सदस्यका कार्यकाल कायम रहेको अवधिसम्म कायम रहने छ ।

**६. गणपुरक संख्या**

समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको ५१% रहेको छ ।

**७. विधेयक पेश गर्ने**

विधायन समितिमा छलफलको लागि प्राप्त भएका विधेयक तथा अन्य नियमावली कार्यविधि निर्देशिका इत्यादिहरु विधायन समितिमा दफावार रुपमा छलफल गरी महानगरको कार्यपालिका बैठकमा पेश गरिने छ ।

**८. बाधा अड्काउ फुकाउने अधिकार**

यस नियमावलीको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न आएमा सो को बाधा अडकाउ फुकाउने अधिकार महानगरपालिकाको कार्यपालिकालाई हुने छ ।

**९. परिमार्जन तथा संशोधन**

यस नियमावलीमा परिमार्जन एवं संशोधन गर्नुपर्ने भएमा यस विधायन समितिले परिमार्जन एवम् संशोधनको प्रारुप तयार गरी नगरकार्यपालिका बैठकमा पेश गर्छ र नगरकार्यपालिकाको बैठकले स्वीकृत गरीयस म.न.पा.को राजपत्रमा प्रकाशित गर्छ ।

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०८।१८

प्रमाणीकरण मितिः २०७५।०८।२५

आज्ञाले,

डा. भीष्मकुमार भूसाल
प्रमुख प्रशासकीय अधिकृत